# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर ।

☎ : ०२१:४६१९६५
इमेल: puoemgt@puexam.edu.np


प.स.च.नं.: ......../०८२-०८३

मिति : २०८२/०४/१४

**श्रीमान् निर्देशक/क्याम्पस प्रमुखज्यू,**
**BBA/BHM/BHCM/BTTS/BFDM शैक्षिक कार्यकम अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस / कलेजहरू ।**

**विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह ४ वर्षे BHM/BHCM/BFDM/BTTS शैक्षिक कार्यक्रमको दोस्रो, चौथो र छैठौं सेमष्टरको आंशिक एवं BBA शैक्षिक कार्यक्रमको दोस्रो र चौथो सेमष्टरको आंशिक तर्फका परीक्षार्थीहरुको (सन २०२५) मा सञ्चालन गरिने परीक्षाका लागि **मिति २०८२/०४/२८ गते** सम्म परीक्षा आवेदन फाराम भराई **परीक्षा आवेदन फाराम, नियमानुसारको परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर **कलेज/क्याम्पसका प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा तोकिएको म्याद समाप्त भएको ०३ दिन भित्र उपलब्ध गराउन जानकारी गराइन्छ ।** सम्वन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलव्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई अभिलेख तयार गरि Subject-wise Data बनाइ पठाउनु पर्नेछ ।

(२) **परीक्षा आवेदन फराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।**

(३) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका डाइरेक्टर/क्याम्पस प्रमुख / प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(४) प्रत्येक परीक्षार्थीले प्रत्येक खण्डको छुट्टा छुट्टै परीक्षा आवेदन फाराम भर्नुपर्नेछ । तसर्थ कुनै परीक्षार्थीले कुनै खण्डको नियमित वा आंशिक विषय भरेको परीक्षा आवेदन फाराममा अर्को खण्डको विषय उल्लेख गर्न पाइने छैन । त्यसरी एकभन्दा बढी खण्डका विषय भरी परीक्षा आवेदन फाराम पठाइएमा पहिले परीक्षा हुने खण्डको परीक्षाका लागि मात्र मान्यता दिइनेछ ।

(५) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(६) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| १. परीक्षा शुल्क : | |
| स्नातक तह तर्फ | |
| क) २०२० समुह देखिका **आंशिक** परीक्षार्थीलाई | रू. १,५००।- |
| ख) अन्य वर्ष तथा समूह (आंशिक तर्फ) | |
| अ) एक विषय सम्म | रु. ५,००।- |
| आ) दुई विषय भएमा | रु. ८,००।- |
| इ) दुई भन्दा बढि विषय भएमा | रु. १,१००।- |
| २. बिलम्ब शुल्क: | |
| क) तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १,०००।– |
| ख) परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २,०००।– |
| ग) परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३,०००।– |

परीक्षा नियन्त्रक

**नोटः** विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।